नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११] काठमाडौं, कार्तिक १४ गते २०१८ साल [संख्या २८

श्री ५ को सरकार

विकास मन्त्रालय

सहकारी विभाग

श्री ५ को सरकारले बनाएको तल लेखिएको सहकारी संस्था नियमहरू, २०१८ सर्व-साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

सहकारी संस्था ऐन, २०१६ को दफा २६ ले दिएको अधिकार र यस सम्बन्धमा प्राप्त अरू सबै अधिकारहरूको प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यी नियमहरूको नाम सहकारी संस्था नियमहरू, २०१८ रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन्।

२. परिभाषाः- (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमाः-

(क) ऐन भन्नाले सहकारी संस्था ऐन, २०१६ सम्झनु पर्छ।

(ख) अनुसूची भन्नाले यस नियमको अनुसूची सम्झनु पर्छ।

(२) यी नियमहरूमा प्रयोग भएको तर ऐनमा परिभाषित गरिएको शब्दहरूको अर्थ विषय वा प्रसंगले अर्को अर्थ नलागेसम्म ऐनमा लेखिए बमोजिम कै हुने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. संस्था रजिष्टर गर्न आवेदनपत्र दिनु पर्ने:– (१) ऐनको दफा ४ बमोजिम रजिष्टर हुन सक्ने कुनै संस्थालाई रजिष्टर गराउन चाहेमा अनुसूचीको फारम नं. (१) बमोजिमको ढाँचामा रजिष्ट्रार छेउ आवेदन पत्र दिनु पर्छ र त्यस सम्बन्धमा रजिष्ट्रारले कुनै किसिमको विवरण वा खबर मागेमा आवेदन पत्र दिने व्यक्तिले सोसमेत दाखिल गर्नु पर्छ।

(२) ऐन वा यस नियम बमोजिम रजिष्टर गर्न कुनै बाधा नदेखिएमा रजिष्ट्रारले सो संस्था र ऐनको दफा २९ अन्तर्गत पेश गरिएको सो संस्थाको विनियमलाई रजिष्टरी गरी अनुसूचीको फारम नं. (२) बमोजिमको ढाँचामा सो कुराको प्रमाणपत्र दिनु पर्छ र त्यसको साथै उक्त विनियमको एक प्रतिमा आफ्नो हस्ताक्षर गरी आवेदन पत्र दिने व्यक्तिलाई फिर्ता दिनु पर्छ।

४. सदस्य बनाउने र निष्काशन गर्ने:– (१) कसैलाई कुनै रजिष्टर्ड संस्थाको सदस्यता प्रदान गर्दा वा सदस्यताबाट निष्काशन गर्दा सो संस्थाको विनियमका अधीनमा रही गर्नु पर्छ।

(२) कुनै रजिष्टर्ड संस्थाको कुनै सदस्यमा सो संस्थाको सदस्य हुन वा रहन ऐन वा सो संस्थाको विनियम वा यस नियम बमोजिम चाहिने योग्यता छैन वा रहेन भने निज सो संस्थाको सदस्य रहन पाउने छैन।

(३) कुनै रजिष्टर्ड संस्थाको कुनै सदस्यले सो संस्थाको सेक्रेटरीलाई एक महीना अगावै लिखित सूचना दी राजीनामा गरी सो संस्थाको सदस्यता छोड्न सक्नेछ।

तर (क) कुनै रजिष्टर्ड संस्थाको कुनै सदस्यले सो संस्थाबाट ऋण ली सो ऋण चुक्ता गर्न बाँकी राखेको रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको जमानी बस्ने अरू कुनै सदस्यले सो संस्थाको सदस्यताबाट राजीनामा गर्न पाउने छैन।

(ख) कुनै रजिष्टर्ड संस्थाको कुनै सदस्यले सरकारी वा गैर सरकारी कुनै किसिमको नोकरी गरिरहेकोमा निज सो नोकरीमा रहुन्जेल सो संस्थाको सदस्यताबाट राजीनामा गर्न नपाउने गरी सो संस्थाको विनियममा उल्लेख भएको रहेछ भने त्यस्तो सदस्यले सो नोकरीमा रहुन्जेल सदस्यताबाट राजीनामा गर्न पाउने छैन।

(४) कुनै रजिष्टर्ड संस्थाको कुनै सदस्यले राजीनामा गरेमा वा निजलाई निष्काशित गरिएमा समितिले त्यस्तो सदस्को नाम सदस्यहरूको रजिष्टरबाट खारिज गरिदिनु पर्छ।

५. सदस्यताबाट हटे वा हटाइएमा शेयर फिर्ता लिने:– (१) असीमित दायित्व भएको कुनै रजिष्टर्ड संस्थाको कुनै सदस्य त्यस संस्थाबाट हटे वा हटाइएमा शेयर खरीद गर्दा निजले वा निजका तर्फबाट दिइएको रुपैयां सो संस्थाको विनियममा यस सम्बन्धमा तोकिएको अवधि पछि निजलाई फिर्ता दिनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सीमित दायित्व भएको कुनै रजिष्टर्ड संस्थाको कुनै सदस्य त्यस संस्थाबाट हटे वा हटाइएमा सो संस्थाको विनियममा अन्यथा लेखिएकोमा बाहेक शेयर खरीद गर्दा निजले वा निजका तर्फबाट दिइएको रुपैयां फिर्ता गरिने छैन ।

६. सदस्यहरूमा नाफाको वितरण:— (१) कुनै रजिष्टर्ड संस्थाको साल भरिको नाफा नोक्सानीको हरहिसाब भैसकेपछि नाफा देखिएमा ऐनको दफा १७ बमोजिमको रकम जगेडा कोषमा राखी बाँकीरहेका नाफाको रकम रजिष्ट्रारको पूर्व स्वीकृति ली सदस्य-हरूको बीचमा लाभांश वा बोनसको रूपमा बांड्न सकिनेछ । तर सो संस्थामा शेयरबाट उठेको पूंजीको १० प्रतिशतभन्दा बढी लाभांश र २० प्रतिशतभन्दा बढी बोनस बाँड्न हुँदैन ।

(२) अल्पव्यय तथा वचत संस्था वा शेयर पूंजी नभएको संस्थाको हकमा उप-नियम (१) को कुरा लागू हुने छैन ।

७. सदस्यको मृत्यु भएमा हक दाबीको नाम सारी: (१) कुनै रजिष्टर्ड संस्थाको कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र सो संस्थाबाट निजलाई प्राप्त हुने हक सो मृत व्यक्तिले नियम १२ बमोजिम मनोनीत गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित नेपाल कानून बमोजिमको हकवालाका नाममा नामसारी गरी दिन वा सो बापतको नगद रकम निजलाई बुझाई दिन सक्नेछ ।

तर (क) सीमित दायित्व भएको रजिष्टर्ड संस्थाका हकमा संस्थाले त्यस्तो शेयर वा हक त्यस्ता हकवाला ऐन, सो संस्थाको विनियम र यस नियम बमोजिम सो संस्थाको सदस्य हुन सक्ने रहेछ भने निजको नाममा नामसारी गर्न सक्नेछ र निज सो संस्थाको सदस्य हुन नसक्ने रहेछ भने सदस्य मरेको ६ महीना भित्र निजले सो संस्थाको सदस्य हुन सक्ने अरू कुनै व्यक्तिका नाममा नामसारी गराईमागन दरखास्त गरेमा त्यस्तो व्यक्तिको नाममा नामसारी गरिनेछ ।

(ख) असीमित दायित्व भएको रजिष्टर्ड संस्थाको हकमा त्यस्ता हकवालाले चाहेमा सो संस्थाबाट त्यस्तो शेयर वा हक नामसारी नगराई सो बापतको नगद रुपैयाँ नै भरी माग्न पाउनेछ ।

(२) यस नियम बमोजिम कुनै रजिष्टर्ड संस्थाले कुनै व्यक्तिका नाममा नामसारी गरी दिएको वा नगद रुपैयां दिएकोमा प्रचलित नेपाल कानू-नले अन्यथा हुनेभएमा बाहेक, मान्य हुनेछ र त्यसमा अरू कुनै व्यक्तिको उजर लाग्ने छैन ।

८. मृत सदस्यको जायज्यथाको दायित्व:— कुनै रजिष्टर्ड संस्थाको कुनै सदस्यको मृत्यु भएको समयमा सो संस्थाले तिर्नु वा बुझाउनुपर्ने देखिएको ऋणको निमित्त सो सदस्यको मृत्यु भएको मितिले एक वर्षसम्म निजको जाय ज्यथा उपर दायित्व रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. सदस्यको संख्याः— प्रारम्भिक (Primary) संस्थाको हकमा सदस्य संख्याको हद तोकिने छैन ।

१०. संस्थाको ठेगानाः— प्रत्येक रजिष्टर्ड संस्थाले आफू कहाँ पठाइने सबै सूचना र चिट्ठी-हरूको निमित्त आफ्नो ठेगाना रजिष्टर्ड गराई राख्नुपर्छ र रजिष्ट्री भएको ठेगानामा कुनै हेरफेर भएमा त्यसको सूचना ७ दिन भित्र रजिष्ट्रार छेउ पठाउनु पर्छ ।

११. संस्थाले राख्नुपर्ने बहिखाता एवं रजिष्टरः— (१) प्रत्येक संस्थाले आफ्नो काम कारवाई चलाउनको लागि देहाय बमोजिमको बहिखाता र रजिष्टर राख्नु पर्छ ।

(क) नगदी बही ।

(ख) संस्थाले अरू कुनै व्यक्ति वा संस्थासँग कारवाइ गरेको भए सो कारवाइ देखाउने रजिष्टर ।

(ग) ऋण लेनदेन गरेको रजिष्टर ।

(घ) मिनेट बूक (कार्यवाही किताब)—

(ङ) समय समयमा रजिष्ट्रारले निर्धारित गरे बमोजिमको रजिष्टर किताबहरू ।

(२) प्रत्येक संस्थाले सदस्यहरूको एउटा छुट्टै रजिष्टर राख्नु पर्छ जसमा देहायका कुराहरू खुलेको हुनुपर्छ,

(क) हरएक सदस्यको नाम, ठेगाना पेशा, र निजले लिएको संख्या र विवरण ।

(ख) कुनै नाबालक सदस्य भए निजको उमेर,

(ग) सदस्य भएको सदस्यताबाट हटेको वा घिकाशित गरिएको मिति ।

(घ) कुनै सदस्यले निजले पाउने कुनै हक, शेयर लाभांश वा अरू कुनै रकम निजको शेषपछि कुनै व्यक्तिले पाउने गरी नियम १२ बमोजिम कुनै व्यक्तिलाई मनोनीत गरेको भए त्यस्तो व्यक्तिको नाम र वतन ।

१२. हकवाला मनोनीत गर्नेः— (१) नियम ७ को तात्पर्यका लागि हकवाला मनोनीत गर्दा दुई जना साक्षीको रोहवरमा लिखित रूपमा गर्नुपर्छ र त्यसमा सो मनोनीत गर्ने सदस्य र साक्षीहरूले हस्ताक्षर गरेको हुनुपर्छ ।

(२) कुनै रजिष्टर्ड संस्थाको कुनै सदस्यले सो संस्थाको एकभन्दा बढी शेयर लिएको छैन भने उपनियम (१) बमोजिम एउटै व्यक्तिलाई मात्र मनोनीत गर्न सक्नेछ ।

(३) कुनै रजिष्टर्ड संस्थाको कुनै सदस्यले उपनियम (२) का अर्धनमा रही एकभन्दा बढी व्यक्तिहरू मनोनीत गरेकोमा त्यस्तो प्रत्येक व्यक्तिलाई हस्तान्तर हुने शेयर वा हकको दामासाही स्पष्ट रूपले खुलाउनु पर्छ ।

(४) यस नियम बमोजिम मनोनीत गरिएको व्यक्ति नाबालक रहेछ भने सम्बन्धित रजिष्टर्ड संस्थाले निजलाई बुझाएको रकम बापत निजको संरक्षकले र सो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संरक्षक नभएमा सो नाबालकले नै दुई जना साक्षीको रोहवरमा गरिदिएको भरपाइ सो रकम बझाएको कुराको प्रमाण मानिनेछ ।

१३, कोष र कोषको उपयोग:– प्रत्येक रजिष्टर्ड संस्थाको एउटा छुट्टै कोष हुनेछ र ऋण लगायत सबै आम्दानी सो कोषमा जम्मा गरिने छ ।

(२) कुनै रजिष्टर्ड संस्थाले आफ्नो कोषलाई देहायको काम कुरामा लगाउन सक्नेछ ।

(क) विनियममा तोकिएको बैंकमा जम्मा गर्न वा,

(ख) अरू कुनै रजिष्टर्ड संस्थाको शेयर किन्न वा त्यस्तो संस्थामा जम्मा गर्न वा,

(ग) रजिष्ट्रारको स्वीकृति लिई अरू कुनै बैंकमा वा बैंकको काम गर्ने कुनै संस्था वा व्यतिकहाँ जम्मा गर्न, वा,

(घ) विनियममा तोकिएको अरू कुनै काममा लगाउन ।

१४. अधिकतम दायित्व.– (१) कुनै रजिष्टर्ड संस्थाले सो संस्थाको सदस्य नभएका कुनै उनाउ व्यक्तिसित बढीसे बढी कतिसम्म ऋण वा डिपोजिट लिन सक्छ भन्ने कुरा यस सम्बन्धमा रजिष्ट्रारले दिएको निकासाका अधीनमा रही सो संस्थाको सदस्यहरूको साधारण सभामा निर्धारित गरिने छ ।

(२) उपनियम (१) बमोजिम निर्धारित गरिएको अधिकतम ऋण वा डिपोजिटको रकम आवश्यकता अनुसार रजिष्ट्रारले घटाउन सक्नेछ र उपनियम (१) बमोजिम रजिष्ट्रारले दिएको निकासा वा यस उपनियम बमोजिम घटाएको रकममा बढी हुने गरी कुनै रजिष्टर्ड संस्थाले ऋण वा डिपोजिट लिन हुँदैन ।

(३) उपनियम (१) बमोजिम अधिकतम रकमको निर्धारण गर्दा रजिष्टर्ड संस्था वा कुनै खास किसिमका रजिष्टर्ड संस्थाहरूलाई कठिनाइ उत्पन्न हुन जान्छ भन्ने रजिष्ट्रारले ठहर गरेमा उपनियम (१) र (२) त्यस्तो संस्था वा संस्थाहरूका सम्बन्धमा लागू हुने छैन ।

१५. रजिष्ट्रारद्वारा सोधपुछ:– कुनै रजिष्टर्ड संस्थाको गठन काम कारवाइ एवं आर्थिक स्थिति रजिष्ट्रार आफै गै सोधपुछ गर्न वा अरू कसैलाई लिखित रूपमा अधिकार दिई सोधपुछ गराउन सक्ने छ ।

(२) कुनै रजिष्टर्ड संस्थाका एक तिहाई वा सोभन्दा बढी सदस्यहरूको वा सो संस्थाको समितिको बहुसंख्यक सदस्यहरूको आवेदन परेमा रजिष्ट्रार आफै गै सोधपुछ गर्नु वा लिखित रूपमा अरू कसैलाई अधिकार दिई सोधपुछ गराउनु पर्छ ।

(३) उपनियम (१) बमोजिम रजिष्ट्रार वा निजबाट अधिकार पाएका व्यक्तिले सोधपुछ गर्दा मागेको सूचना वा खबर दिनु सो संस्थाका प्रत्येक सदस्य एवं अफिसरको कर्तव्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) यस नियम बमोजिम सोधपुछ को परिणामको सूचना लिखित रूपमा संस्थालाई दिनु पर्छ ।

१६. ऋण लागेको संस्थाहरूको हिसाब किताबको जाँचबूझः– (१) ऋण लागेको कुनै रजिष्टर्ड संस्थाको साहूको आवेदन परेमा रजिष्ट्रारले देहायका अवस्थामा सो संस्थाको हिसाब किताबहरू आफै गई जांच बूझ गर्न वा लिखित रूपमा अरू कुनै व्यक्तिलाईअधिकार दिई जांच बूझ गराउन सक्नेछ ।

(क) आवेदन गर्ने साहूले भाखा पुगे पछि ऋण चुक्ता गर्ने माग गरेकोमा मनासिब माफिकको समय भित्र सो रजिष्टर्ड संस्थाले ऋण भुक्तान गरेन वा साहूको चित्त बुझाई दिएन भन्ने कुरामा रजिष्ट्रारको चित बुझेमा, र

(ख) सो जांचबूझ गर्दा लाग्ने खर्च सो साहू ले धरौटी राखेमा.....

(२) रजिष्ट्रारले उपनियम (१) बमोजिम गरेको प्रत्येक जांच बूझको परिणामको सूचना लिखित रूपमा त्यस्तो संस्था र साहूलाई दिनु पर्छ ।

१७. सोधपुछ र जांचबूझको खर्चः– नियम १५ अन्तर्गत सोधपुछ वा नियम १६ अन्तर्गत जांचबूझ गर्दा लागेको खर्च अवस्थानुसार सम्बन्धित रजिष्टर्ड संस्था, साहू वा सो संस्थाका हाल वा साबिकको अफिसरहरू मध्ये यो यसले यति व्यहोर्नु पर्छ भनी रजिष्ट्रारले तोकिदिन सक्नेछ ।

१८. हिसाब जांचः– (१) रजिष्ट्रारले आफै गै वा आपनो लिखित आदेशद्वारा अरू कुनै व्यक्तिलाई अधिकार दिई प्रत्येक वर्ष कमसे कम एक पटक प्रत्येक रजिष्टर्ड संस्थाको हिसाब जांच गर्नु वा गराउनु पर्छ ।

(२) उपनियम (१) मा लेखिए बमोजिम कुनै रजिष्टर्ड संस्थाको हिसाब जांच गर्दा म्याद नाघेका ऋणहरू भए त्यसको जांच र सो संस्थाको जायज्यथा र ऋणको मूल्यांकनसमेत गर्नु पर्छ ।

(३) उपनियम (१) अन्तर्गत हिसाब जांचको प्रयोजनको निमित्त रजिष्ट्रार वा निजबाट अधिकार पाएका व्यक्तिलाई देहाय बमोजिमको अधिकार हुने छ ।

(क) जांच गर्न लागेको रजिष्टर्ड संस्थाको लेनदेन कारोवार वा कार्य प्रबन्ध बारे ठीस खबर दिन सक्नेजस्तो देखिएको सो संस्थाका हाल वा साबिकवाला अफिसर वा कर्मचारीलाई झिकाउने ।

(ख) खण्ड (क) बमोजिम झिकाइएका अफिसर वा कर्मचारी सो संस्थाको कारोवार सम्बन्धी कुनै किताब, खाता, लिखत वा संस्थाको नगदी जिन्सी जायजाद वा धरौटी पेश गर्न लाउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) हिसाबमा गोलमाल वा त्रुटि भएको देखिए सम्बन्धित व्यक्तिसित लिखित स्पस्टीकरण माग्ने ।

(४) यस नियम बमोजिम जांच गर्दा देखिन आएको सबै कुराको विस्तृत बिव- २९ को एक प्रति लिखित रूपमा संस्थालाई दिनु पर्छ ।

१९. साधारण सभा:- प्रत्येक रजिष्टर्ड संस्थाले देहायमा लेखिएका समेत अरू सबै आवश्यक काम कारवाइ गर्न आफ्नो विनियम बमोजिम समय समयमा सदस्यहरूको सभा बोलाउने छ जसलाई साधारण सभा भनिने छ ।

(क) सदस्य नभएका उनाउ व्यक्तिहरूसित संस्थाले बढीमा कतिसम्म ऋण र डिपोजिट लिन सक्ने हो सो रकम तोक्ने ।

(ख) ऋण दिने संस्था भए प्रत्येक सदस्यले ज्यादासे ज्यादा कति अंकसम्म ऋण पाउन सक्ने हो सो अंक तोक्ने ।

(ग) समितिका सदस्यहरूको निर्वाचन गर्ने ।

(घ) अडिटरले पेश गरेको हिसाब किताबको रिपोर्ट वा रजिष्ट्रार वा निजबाट अधिकार पाएका व्यक्तिले सोधपुछ वा जांचबूझ गरी नियम १५ को उप नियम (४) र नियम १६ को उपनियम (२) बमोजिम दिएको सूचना र नियम १८ को उपनियम (४) बमोजिम दिएको बिवरण उपर विचार गर्ने ।

२०. मत दिने:- (१) प्रत्येक रजिष्टर्ड संस्थाको साधारण स भामा उपस्थित भएको प्रत्येक प्रश्नहरू सो संस्थाको विनियममा अन्यथा उल्लेख भएकोमा बाहेक, सभामा उपस्थित भएका सदस्यहरू वा निजहरूको प्रतिनिधिहरूको बहुमतबाट निर्णय गरिनेछ ।

(२) त्यस्तो प्रत्येक सभामा मतदान गर्ने र सभाका लागि प्रतिनिधि छान्ने कुरा दफा १९ बमोजिम हुने छ ।

(३) प्रत्येक त्यस्तो सभाका लागि उपस्थित सदस्य र सदस्यका प्रतिनिधिले आफू मध्येबाट एउटा सभापति छान्ने छन् । सभामा मत बराबर भएको अवस्थामा सभापतिले निर्णायक मत दिन सक्ने छ ।

(४) संस्थाको ३ खण्डको एक खण्ड सदस्य वा सदस्यको प्रतिनिधि हाजिर भए सभाको काम कारवाइ संचालन गर्ने कोरम पूरा भएको मानिनेछ ।

२१. रजिष्ट्रारले विशेष साधारण सभा बोलाउने:- (१) कुनै रजिष्टर्ड संस्थाको पांच खण्ड- को एक खण्ड सदस्यहरूको दरखास्त परेमा वा अरू कुनै कारणबाट आवश्यक देखिएमा रजिष्ट्रारले वा निजले विशेष वा सामान्य आदेशद्वारा अधिकार दिएको व्यक्तिले समय एवं स्थान निर्धारित गरी सो संस्थाको विशेष साधारण सभा बोलाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम बोलाइएको सभामा उपस्थित भएका सदस्य वा सदस्यको प्रतिनिधिको संख्या ३ तीन जनाभन्दा घटी भएमा बाहेक सो सभामा जतिसुकै सदस्य उपस्थित भएता पनि गणपूरक संख्या (Quoram) पुगेको मानिनेछ ।

(३) त्यस्तो प्रत्येक सभाले नियम १९ बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ र त्यस्तै सभामा रजिष्ट्रार वा निजले अधिकार दिएका व्यक्तिले सभापतित्व ग्रहण गर्न सक्ने छन् तर मत बराबर भएमा निर्णायक मतदिने अधिकार बाहेक निजलाई मत दिने अधिकार हुने छैन ।

२२. समितिः—प्रत्येक रजिष्टर्ड संस्थाको एउटा समिति हुनेछ र त्यस्तो समितिको काम कर्तव्य र त्यस्तो समितिको सदस्य पदाधिकारीको योग्यता, नियुक्ति, बर्खास्त वा सस्पेन्शन विनियमद्वारा निर्धारण गरिनेछ ।

तर श्री ५ को सरकारले आधाभन्दा बढी शेयर खरीद गरी आफू सदस्य भएको संस्थाको समितिमा रहने सदस्यहरू मध्ये पचास प्रतिशत सदस्य र अध्यक्ष श्री ५ को सरकारबाट मनोनीत हुने छन् र त्यस्तो सदस्य र अध्यक्षको पदावधि नियुक्ति, बर्खासी, सस्पेन्शन र सो सम्बन्धी शर्त श्री ५ को सरकारले तोकिदिए बमोजिमको हुने छ ।

२३. ऋण दिने संस्थाको समितिको सदस्यले पारिश्रमिक नपाउनेः—(१) ऋण दिने रजिष्टर्ड संस्थाको समितिका सदस्यहरूले त्यस समितिको सदस्य भै काम गरे बापत तलब, पारिश्रमिक वा अरू कुनै किसिमको मेहनताना पाउने छैन । सो बाहेक अरू रजिष्टर्ड संस्थाको समितिको सदस्यहरूले भने रजिष्ट्रारले स्वीकृति दिएमा निजले दिएको निकासा बमोजिमको तलब, पारिश्रमिक वा मेहनताना पाउन सक्ने छन् ।

(२) कुनै रजिष्टर्ड संस्थाका कुनै अफिसर वा कर्मचारीले वा त्यस्तो संस्थाको समितिको कुनै सदस्यले कुनै काम गरे बापत तलब, पारिश्रमिक वा मेहनताना नपाउनु पनमा पाएको रहेछ भने सो पाएको रकम निजले सो संस्थाबाट ऋण लिए सरह निजबाट असूल उपर गरिनेछ ।

२४. समितिको सदस्यहरूले ऋण पाउने हदः— ऋण दिन कुनै रजिष्टर्ड संस्थाको समितिको सदस्यहरूलाई सो संस्थाको काम कारवाइ एवं व्यवहार चलाउन निर्धारित गरिएको पूंजीको २५ प्रतिशतमा बढी हुने गरी ऋण दिन हुंदैन ।

तर रजिष्ट्रारको विचारमा कुनै त्यस्तो संस्थाको त्यस्तो पूंजी थोरैछ भन्ने भएमा यो नियम लागू हुने छैन ।

२५. अफिसर र कर्मचारीबाट जमानत लिनेः— कुनै खास वा खास किसिमको कामका लागि नियुक्ति हुने अफिसर वा कर्मचारीले यो यति रकम जमानत दिनुपर्ने भनी रजिष्ट्रारले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोके बमोजिमको जमानत नदिई कुनै रजिष्टर्ड संस्थाले कुन व्यक्तिलाई आफ्नो तलबी कर्मचारी वा अफिसरमा नियुक्त गर्नु हुँदैन ।

२६. विनियम बनाउने:– (१) प्रत्येक रजिष्टर्ड संस्थाले ऐन र यस नियममा नबाझिने गरी देहायको कुराहरूको सम्बन्धमा विनियम बनाउनु पर्छ ।

(क) संस्थाको नाम,

(ख) संस्थाको रजिष्ट्री भएको ठेगाना,

(ग) संस्थाको कोष उपभोग हुने कार्य,

(घ) संस्थाको सदस्यता प्राप्त गर्न चाहिने योग्यता, सदस्यतामा प्रवेश दिने शर्तहरू,

(ङ) संस्थाका सदस्यहरूको दायित्वको किसिम र हद,

(च) संस्थाका सदस्यहरूलाई निष्काशन गर्ने, त्यस्तो सदस्यले राजीनामा गर्ने र त्यस्ता सदस्यहरूलाई कुनै रकम तिर्नुपर्ने भए सो तिर्ने तरीका,

(छ) संस्थाका सदस्यहरूको शेयर वा ऋण कुनै किसिमको हकको हस्तान्तरण,

(ज) संस्थाको कोष खडा गर्ने तरीका र डिपोजिटमा दिइने अधिकतम व्याज,

(झ) संस्थाको साधारण सभा त्यसको कार्यविधि एवं अधिकार,

(ञ) संस्थाको कर्मचारी वा अफिसरको कर्तव्य एवं अधिकार र तिनीहरूको नियुक्ति सस्पेन्शन एवं निष्काशन ।

(ट) संस्थाको तर्फबाट लिखत कागजातहरूमा हस्ताक्षर गर्ने अफिसर,

(ठ) हिसाब जांच (अडिट) मा अपनाउने तरीका र फरफारक कोसंग लिने कुरा ।

(२) आफ्ना सदस्यहरूलाई ऋण दिन कोष खडा गर्ने उद्देश्य भएको रजिष्टर्ड संस्थाले उपनियम (१) मा उल्लेख गरिएको कुराहरूका अतिरिक्त देहायका कुराहरूमा समेत विनियम बनाउनु पर्छ ।

(क) व्याजको दर ।

(ख) सदस्यलाई सापट दिन सकिने अधिकतम रकम,

(ग) ऋणको भाखा वा म्याद थप्ने एवं रिन्यू गर्ने ।

(घ) ऋणको उद्देश्य,

(ङ) ऋण दिने कुरा सम्बन्धी अरू शर्तहरू,

(च) सदस्यहरूको पेशा वा निवासस्थान सम्बन्धी,

(छ) शेयर वा ऋण सम्बन्धी कुनै रकम तिर्ने कुरामा कुनै त्रुटी गरेमा त्यसको परिणामको व्यवस्था गर्नुपर्ने भए सो ।

(ज) मुनाफाको वितरण,

२७. विनियम बनाउँदा र संशोधन गर्दाको कार्य प्रणाली:– (१) नियम २६ वा ऐनको दफा २९ अन्तर्गत विनियम बनाउँदा वा सो विनियम संशोधन वा खारिज गर्दा देहायका कुरा हरूका अधीनमा रही गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सीमित दायित्व भएको रजिष्टर्ड संस्थाको हकमा साधारण सभामा सो संस्थाको जम्मा सदस्यताको बहुमतद्वारा ।

(ख) असीमित दायित्व भएको रजिष्टर्ड संस्थाको हकमा साधारण सभामा संस्थाको जम्मा सदस्य संख्याको आधिभन्दा बढी सदस्य उपस्थिति भै सो मध्ये चार खण्डको तीन खण्ड सदस्यहरूको स्वीकृतिद्वारा ।

(२) उपनियम (१) बमोजिम संशोधन वा खारेज गरेको वा फेरि बनाएको विनियमको दुई प्रति नक्कलसाथ त्यसको सम्पूर्ण बिवरण रजिष्ट्रार छेउ दाखिल गर्नुपर्छ र रजिष्ट्रारले पनि हेरी ऐन र यस नियमसित नबाझिने भए सो विनियम रजिष्टर्ड गरी दिई त्यसको एक प्रतिमा आफ्नो हस्ताक्षर गरी फिर्ता गरिदिनु पर्छ ।

२८. बांकी बक्यौता असूल गर्ने:– (१) कुनै रजिष्टर्ड संस्थाले असूल गर्नुपर्ने ऋण वा अरू कुनै रकमहरू रजिष्ट्रारको पूर्व स्वीकृति नलिई मिन्हा गर्न हुँदैन ।

(२) कुनै रजिष्टर्ड संस्था वा त्यसको हाल वा साविकवाला सदस्य वा अफिसर-संग असूल गर्न बाँकी रहेको सरकारी रकम वा श्री ५ को सरकारले पाउने खर्चबापतको रकमसमेत सरकारी मालपोत बांकी सरह असूल उपर गर्न सकिनेछ ।

(३) कुनै रजिष्टर्ड संस्थासंग उपनियम (१) अन्तर्गत असूल उपर गर्न सकिने रकम सर्वप्रथम संस्थाको जानज्यथाबाट र त्यसले नपुग भएमा सीमित दायित्व भएको संस्थाको हकमा सदस्यहरूको दायित्वको दामासाहीले निजहरूबाट र अरू संस्थाको हकमा त्यसका सदस्यहरूबाट असूल उपर गरिनेछ ।

२९. ऐन नियम एवं विनियम खुला राख्ने:– प्रत्येक रजिष्टर्ड संस्थाले ऐन, यो नियम र सो संस्था सम्बन्धी विनियमको एक एक प्रति संस्थामा राख्नु पर्छ र जुनसुकै समयमा जुनसुकै व्यक्तिले हेर्न मागेमा बिना दस्तूर हेर्न दिनुपर्छ ।

(२) उपनियम (१) मा लेखिएबाहेक अरू रजिष्टर्ड संस्थाको जगेडा कोष रजिष्ट्रारले संस्थाको कारोवारमा उपयोग गर्न निर्देश गरेमा सो बमोजिम र त्यस्तो निर्देश नगरेकोमा नियम १३ मा लेखिएको काममा लगाउनु पर्छ ।

३०. जगेडा कोष (१) लगानी गर्न रजिष्ट्रारले विशेष आदेशद्वारा निर्देश नगरेसम्म ऋण दिने रजिष्टर्ड संस्थाको जगेडा कोष संस्थाको कारोवारमा लगाइने छैन ।

(२) उपनियम (१) मा लेखिएबाहेक अरू रजिष्टर्ड संस्थाको जगेडा कोष रजिष्ट्रारले संस्थाको कारोवारमा उपयोग गर्न निर्देश गरेमा सो बमोजिम र त्यस्तो निर्देश नगरेकोमा नियम १३ मा लेखिएको काममा लगाउनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) जगेडा कोष अविभाज्य रहनेछ र कुनै सदस्यले पनि यसको कुनै हिस्सा वा भागमा दावी गर्न पाउने छैन ।

३१. यन्त्र, घर इत्यादि खरीद गर्न कोषको उपयोग नगर्ने:– रजिष्ट्रार र रजिष्टर्ड संस्थाको साधारण सभाको पूर्व स्वीकृति नलिई जग्गा जमीन, घर यन्त्र, मेशिन, इत्यादि खरीद गर्ने वा प्राप्त गर्ने काममा सो संस्थाको कोष वा त्यस्को कुनै हिस्सा उपयोग गरिने छैन ।

३२. झगडा सुम्पने:– (१) कुनै रजिष्टर्ड संस्थाको कारोवारको सम्बन्धमा निम्नलिखित व्यक्तिहरूको बीच कुनै झगडा उठेमा सो कुरा निर्णयका लागि रजिष्ट्रारलाई सुम्पिइनेछ ।

(क) हाल वा साबिकवाला सदस्य वा साबिकवाला वा मृत्यु भैसकेका सदस्यहरूको हकदारको बीचमा

(ख) हाल वा साबिकवाला सदस्य वा साबिकवाला वा मृत्यु भैसकेका सदस्य हरूको हकदार र संस्था, त्यस्को समिति वा हाल वा साबिकवाला कुनै अफिसर वा कर्मचारी वा मृत्यु भैसकेका त्यस्ता अफिसर वा कर्मचारी वा मृत्यु भैसकेको त्यस्ता अफिसर वा कर्मचारीको हकदारको बीचमा ,

(ग) संस्था वा समिति र सो संस्थाको हाल वा साबिकवाला अफिसर वा कर्मचारीका हकदारका बीचमा ।

(घ) संस्था र अरू कुनै रजिष्टर्ड संस्थाको बीचमा ।

स्पस्टीकरण:– यस उपनियमको तात्पर्यको लागि कारोवार सम्बन्धी झगडा भन्नाले रजिष्टर्ड संस्थाबाट गरिएको ऋणको दावी, माग र माथिका खण्डहरूमा उल्लेख भएका व्यक्तिहरूबाट सो संस्थाले पाउनुपर्ने क्षतिपूर्तिको मागलाई जनाउँछ ।

(२) उपनियम (१) अन्तर्गत आफू कहाँ सुम्पिएको झगडा रजिष्ट्रारले आफै निर्णय गर्न वा निर्णय गराउनाका लागि पंच वा पंचहरू मुकरर गरी सुम्पिन सक्नेछ ।

३३. झगडा सुम्पने अधिकारी:– नियम ३२ को उपनियम (१) अन्तर्गत रजिष्ट्रारलाई झगडा सुम्पने अधिकार देहायका व्यक्तिहरूलाई हुनेछ ।

(क) रजिष्टर्ड संस्थाको समितिलाई ,

(ख) साधारण सभाले पास गरेको प्रस्ताव अनुसार सो रजिष्टर्ड संस्थालाई,

(ग] झगडाको कुनै पक्षलाई ।

(घ) संस्थाको अफिसरसंग लिनुपर्ने बाँकी रहेको हिसाब सम्बन्धी झगडा भए सो रजिष्टर्ड संस्थाको कुनै सदस्यलाई ।

(२) झगडाको निर्णय गर्दा लाग्ने वा खर्च हुने संभव भएको रुपैयाँ वा सो मध्ये केही तिर्न रजिष्ट्रारले वादि पक्षलाई झगडा सुन्नुभन्दा अगावै निर्देश गर्न सक्नेछ ।

आधिकारिकता सुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कुनै अफिसरबाट लिनुपर्ने कुनै रकम सम्बन्धी झगडा रजिष्टर्ड संस्थाको कुनै सदस्यद्वारा पंचलाई सुम्पिएकोमा सो झगडामा पंचबाट भएको निर्णय बमोजिमको काम गर्न गराउन सो सदस्यले खर्च गरेको मनासिब माफिकको रकम निजलाई भर्ना दिइन छ।

३४. पञ्चको नियुक्तिः– (१) रजिष्ट्रारद्वारा झगडा पञ्चलाई सुम्पने निर्णय गरेमा त्यस्तो पञ्च वा पञ्चहरूको नियुक्ति रजिष्ट्रारले गर्नेछ र निजले एकभन्दा बढी पञ्चहरू नियुक्ति गर्न खोजेमा ३ जना नियुक्त गर्नुपर्छ जसमा एक एक जना झगडाका प्रत्येक पक्षले र एक जना रजिष्ट्रारले रोजेको व्यक्तिहरु हुने छन्। रजिष्ट्रारले मनोनीत गरेको पञ्च अध्यक्ष हुनेछ र त्यस्तोमा बहुमतको निर्णय मान्य हुने छ।

(२) कुनै पंचले लापरवाहीसाथ काम गरेमा वा अरू कुनै कारणबाट निजको स्थान रिक्त हुन आएमा निजको सट्टा माथि लेखिए बमोजिम अर्को पंच नियुक्त गर्नुपर्छ।

(३) कुनै पक्षलाई आफ्नो तर्फबाट पंच रोज्नु भनी रजिष्ट्रारले दिएको सूचनाको मितिले १५ दिन भित्र निजले पंच रोजी नसकेमा वा नरोजेमा निजको सट्टा रजिष्ट्रारले आफैं पंच रोज्न सक्नेछ।

(४) कानूनी पेशा गन कुनै व्यक्तिलाई झगडाको कुनै पक्षको पंच मनोनीत गर्न पाउने छैन।

३५. अदालतको अधिकार प्राप्त हुनेः– (१) नियम ३२ अन्तर्गत झगडा हेर्ने अधिकार पाएका पंच वा रजिष्ट्रारलाई पक्षहरूलाई धर्म भकाउने, लिखत कागजपत्र बहीखाता, इत्यादी जुनसुकै प्रमाणको कागज र साक्षी झिकाउने, समन इतलायनामा वा वन्द सवाल जारी गर्ने, खर्च भराउने, प्रमाण बुझ्ने इत्यादि देवानी अदालतले पाए सरहको सबै अधिकार हुनेछ।

(२) पंच वा रजिष्ट्रारले जारी गरेको समन इतलायनामाको म्यादमा झगडाको कुनै पक्ष हाजिर भएन भने एक तर्फी निर्णय हुनेछ।

(३) पंचले आफ्नो निर्णय वा फैसला लिखित रूपमा गर्नुपर्छ र त्यसको एक एक प्रति मुद्दाका पएहरूलाई दिई एक प्रति सम्बन्धित मिसिल कागजातका साथ रजिष्ट्रारछेउ पठाईदिनुपर्छ।

(४) रजिष्ट्रार वा पंचको निर्णय वा फैसला त्यस इलाकाको देवानी अदालतको फैसला सरह तामेल गरिनेछ।

३६. लिक्वी डेटरको फैसलाको तामेलीः– (१) लिक्वी डेटरले जारी गरेको समन इतलायनामाको म्यादमा झगडाको कुनै पक्ष हाजिर भएन भने एक तर्फी निर्णय वा फैसला हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) लिक्वी डेटरले गरेको निर्णय वा फैसला देवानी अदालतको फैसला वा निर्णय सरह तामेल गरिनेछ ।

३७. वकील राख्न नपाउने:– रजिष्टार वा पंचले झगडा सुन्दा कुनै पक्षलाई कानूनी पेशा गर्ने वकील इत्यादिबाट बहस पैरवी गराउने अधिकार हुनेछैन ।

३८ अपील:– (१) पंचले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले ३५ दिन भित्र आफ्नो भए भरको व्यहोरा एवं कारण खोली रजिष्ट्रार छेउ अपील गर्न सक्नेछ ।

(२) रजिष्ट्रारले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले उपनियम (१) बमोजिम सम्बन्धित मन्त्रालयमा अपील गर्न सक्नेछ र त्यसमा सम्बन्धित मन्त्रालयका मन्त्रीले गरेको निर्णय वा फैसला अन्तिम हुनेछ ।

(३) पंच वा रजिष्ट्रारले गरेको निर्णय वा फैसला उपर उपनियम (१) वा (२) बमोजिम अपील नपरे मा त्यस्तो निर्णय वा फैसला अन्तिम हुनेछ ।

(४) यस नियम बमोजिम रजिष्ट्रार पञ्च वा सम्बन्धित मन्त्रालयले गरेको फैसला वा निर्णय उपर कुनै अदालतमा सवाल जवाफ गरिने छैन। ।

(५) उपनियम (१) वा (२) बमोजिम अपील गर्दा त्यस सम्बन्धीमा रजिष्ट्रारले सामान्य सूचनाद्वारा निर्धारित गरेको रकम अपील पत्रका साथै धरोटको रूपमा दाखील गर्नुपर्छ । सो रकम अपीलको सुनवाइ भैसकेपछि अपील दिनुपर्ने मुनासिव माफिकको कारण देखिएमा फिर्ता गर्न र मुनासिव कारण नदेखिएमा संस्थाको कोषमा जम्मा गर्ने आदेश दिनु पर्छ ।

(६) लिक्वी डेटरले ऐनको दफा २२ अन्तर्गतको अधिकार प्रयोग गर्दा दिएको आदेशले कुनै व्यक्तिलाई कुनै किसिमको मर्का परेमा सो आदेशको मितिले ३५ दिन भित्र रजिष्ट्रार छेउ अपील गर्न सक्नेछ, र रजिष्ट्रारको निर्णय अन्तिम हुनेछ ।

३९. नालायक अफिसर, कर्मचारी वा सदस्यलाई हटाउन :– (१) यी नियमहरू बमोजिम जाँचबूझ सोधपुछ गर्दा वा झै झगडाको सुनवाइ वा किनारा गर्दा कुनै रजिष्टर्ड संस्थाको कुनै अफिसर वा कर्मचारी वा सदस्यले आफ्नो कर्तव्य निपुणता-साथ पालन गरेको छैन वा लापरवाही वा असन्तोषजनक रूपले काम कारवाइ गर्ने गरेको छ भन्ने देखिएमा निजलाई निष्काशित गर्न रजिष्ट्रारले सो संस्थालाई निर्देशन दिन सक्नेछ र त्यसरी निर्देशन दिएकोमा त्यसमा तोकिएको मितिसम्ममा त्यस्तो व्यक्तिलाई सो संस्थाले निष्काशित गरी दिसक्नुपर्छ ।

93
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) अन्तर्गतको निर्देशन कुनै रजिष्टर्ड संस्थाले पालन गर्न नसकेमा रजिष्ट्रारले त्यस्ता व्यक्तिलाई स्वयं राजीनामा गर्न आदेश निर्देश दिनेछ र त्यसरी आदेश दिए पछि सो संस्थाले त्यस्तो व्यक्तिको सेवाको उपयोग गर्न हुँदैन।

४०. कर्जा लेनदेन गर्नमा प्रतिबन्ध :—(१) कुनै रजिष्टर्ड संस्थाले आफ्ना सदस्य बाहेक अरू कुनै व्यक्तिलाई कर्जा दिन हुँदैन, तर रजिष्ट्रारको स्वीकृति लिई कुनै रजिष्टर्ड संस्थाले अर्को रजिष्टर्ड संस्थालाई कर्जा दिन हुन्छ।

(२) असीमित दायित्व भएको कुनै संस्थाले रजिष्ट्रारको स्वीकृति नलिई खेतीको पैदावार बाहेक अरू चल सम्पति धरोट लिई कर्जा दिन हुँदैन।

(३) श्री ५ को सरकारले साधारण वा विशेष आदेशद्वारा कुनै रजिष्टर्ड संस्था वा कुनै खास किसिमको रजिष्टर्ड संस्थाले अचल सम्पत्तिधितो बन्धक लिई कर्जा दिन निषेध गर्न वा प्रतिबन्ध लगाउन सक्ने छ।

(४) कुनै रजिष्टर्ड संस्थाले आफ्ना सदस्य नरहेको व्यक्तिबाट कर्जा वा डिपोजिट लिदा यस नियम वा बिनियममा तोके बमोजिमको शर्तका अधीनमा रही लिनु पर्छ।

४१. अरूकारोवारमा प्रतिबन्ध:— (१) रजिष्ट्रारबाट स्वीकृत गरेको शर्त बन्देजका अधीनमा रही कुनै रजिष्टर्ड संस्थाले आफ्ना सदस्य नरहेको व्यक्तिसित लेनदेन वा कारोवार गर्न हुन्छ।

(२) उपनियम (१) मा लेखिए बमोजिमको कारोवार सहकारी सिद्धान्तको विपरित देखिएमा वा त्यस सम्बन्धमा संस्थालाई प्रदान गरिएको स्वीकृतिको दुरुपयोग गरिएको छ भन्ने वा त्यसबाट सरकारको आदेश वा कुनै नियमको उल्लंघन भएको छ भन्ने वा त्यसले आयकर मात्र हटाउन खोजेकोछ भन्ने लागेमा त्यस्तो लेनदेन वा कारोबार निषेध गर्न वा त्यसमा प्रतिबन्ध लगाउन रजिष्ट्रारलाई अधिकार हुनेछ।

४२. बैंकबाट खबर माग्ने:— रजिष्ट्रारले आवश्यक ठानेमा कुनै बैंकसंग देहायका कुराहरू माग्न सक्नेछ।

(क) कुनै रजिष्टर्ड संस्था र सो बैंकसंगको लेनदेन व्यवहार सम्बन्धी कुनै खबर वा।

(ख) बैंकसंग रहेको कुनै रजिष्टर्ड संस्थाको हिसाबको नक्कल, वा

(ग) कुनै रजिष्टर्ड संस्थाको नाममा जम्मा हुने गरी भुक्तानी गरिएको वा संस्थाले दर पिठ गरेको चेकहरू।

४३. रजिष्ट्रारको निर्णय अन्तिम हुने:— कुनै व्यक्ति कृषक हो वा होईन अथवा कुनै व्यक्ति एउटै जिल्ला, शहर, गाउँहरूका समूह भित्रको हो वा होईन अथवा एक गाउँ समह खडा गर्न दुई वा दुईभन्दा बढी कुनै गाउँहरू सम्मिलित गर्ने वा नगर्ने या कुनै व्यक्ति कुनै खास

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्रेणी वा व्यवसायको हो वा होइन भन्ने कुराको झगडा पर्न आएमा त्यसको निर्णय गर्ने अधिकार रजिष्ट्रारलाई हुनेछ र निजको निर्णय अन्तिम हुनेछ ।

४४. यो नियम लागू नहुने गर्ने श्री ५ को सरकारको अधिकार:– कुनै रजिस्टर्ड संस्थाका सम्बन्धीमा यो नियम लागू नहुने वा संशोधित रूपमा लागू गर्ने श्री ५ को सरकार–लाई अधिकार हुनेछ ।

अनुसूची

फाराम नं १

श्री रजिष्ट्रारज्यू ,
सहकारी विभाग
सिंहदरबार, काठमाडौं ।

महोदय,

हामी निम्नलिखित व्यक्तिहरू मिली संगठित गरेको तल लेखिए बमोजिमको सहकारी संस्था रजिष्ट्री गरी पाउनका लागि निवेदन गरेका छौं । हाम्रो संस्थाको प्रस्तावित विनियम को दुई प्रति यसैसाथ पेश गरिएकोछ ।

१. संस्था सम्बन्धी विवरण
(क) प्रस्तावित संस्थाको नाम
(ख) रष्ट्री हुने ठेगाना
(ग) संस्थाको उद्देश्यहरू
(घ) कार्य क्षेत्र
(ङ) दायित्व
(च) शेयर
(छ) ऋण वा डिपोजिट जम्मा गर्ने पुँजी

२. दरखास्त गर्ने व्यक्तिहरू सम्बन्धी विवरण र दस्तखत

बाबुको नाम ।	आफ्नो नाम ।	थर ।	उमेर ।	ठेगाना ।	पेशा ।	दस्तखत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फाराम नं.२

सहकारी संस्था ऐन, २०१६ को दफा ४ र सो ऐन अन्तर्गत बनेका नियम ३ को उपनियम (२) बमोजिम मैले आज यस ... ...लाई सहकारी संस्थाको मान्यता दी ... ... दायित्व गरी सीमित उल्लेख भएको नाम र ... ... को ठेगानामा रजिष्ट्री गरी यो प्रमाणपत्र दिएको छु ।

रजिष्ट्रार,
सहकारी विभाग

आज्ञाले–
कुलशेखर शर्मा
श्री ५ को सरकारका सचिव
विकास मन्त्रालय

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।